लेखापरीक्षण प्रतिवेदन

मकवानपुरगढी गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मकवानपुरगढी गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८३ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/123

श्रीमान् अध्यक्षज्यू,

मकवानपुरगढी गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,

मकवानपुर ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/123

श्रीमान् अध्यक्षज्यू

मकवानपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाँउपालिकाले स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ७९ लाख ९४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यकमको रु.३३ लाख,२२ हजार, विद्यालय शिक्षाक्षेत्र योजनाको रु.५ लाख १६ हजार गरी जम्मा रु.१० करोड १८ लाख ३२ हजार समावेश गरेको छैन।

२.२. मकवानपुरगढी गाउँपालिकाको रु.१ अर्ब २८ करोड ७४ लाख ५३ हजार आय व्ययको लेखापरीक्षणबाट रू.१ करोड ३७ लाख ८२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.२२ लाख १८ हजार फस्यौंट भई असुल गर्नुपर्ने रू.२० लाख २ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू.९ लाख ३० हजार, नियमित गर्नुपर्ने रू.८३ लाख ३२ हजार र पेश्की बाँकी रु.३ लाख गरी जम्मा रू.१ करोड १५ लाख ६४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१३ करोड ४२ लाख ४५ हजार मध्ये रू.१ करोड ७६ लाख ६७ हजार फस्यौंट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.१२ करोड ८१ लाख ४२ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने मकवानपुरगढी गाँउपालिकासंग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५७	१६	१,३७,८२,२२७	०	६	२२,१७,८००	०	५७	१०	१,१५,६४,४२७	२०,०२,०६६	८३,३२,३६१	९,३०,०००	०	०	९२,६२,३६१	३,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	१३,४२,४४,६१८	०	१,७६,६७,०८५	११६५७७५३३	०	१,१५,६४,४२७	१२८१४१९६०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	५१	विद्यालय समायोजन अनुदान	२२,००,०००
२	२०८१/८२	३३	दैनिक भ्रमण भत्ता	१७,८००
३	२०८०/८१	१९	ढुंगा घटी परिमाण	११,१८७
४	२०७९/८०	३६	शिक्षण सहयोग अनुदान (कक्षा ६-८ र ९-१०)	३,१२,१५६
५	२०७९/८०	४०	बढि निकासा	१०,७५०
६	२०७९/८०	२५	पेस्की बाँकी	२४,००,०००
७	२०७९/८०	२४	धरौटी	३,३९,२३५
८	२०७९/८०	३२	कर रकमः	२३,४७५

९	२०७८/७९	३२	सेनिटरी प्याड :	९,५८,२६९
१०	२०७८/७९	२८	वक्यौता असूली :	६४,७२,८१३
११	२०७८/७९	२७	मूल्यअभिवृद्धि कर असूली :	५४,२२,९५०
१२	२०७८/७९	२१	पेश्की बाँकीः	१४,९६,०००
१३	२०७८/७९	३९	नि :शुल्क पाठ्यपुस्तक :	२,२०,२५०
जम्मा				१,९८,८४,८८५

मकवानपुरगढी गाउँपालिका, मकवानपुर

(८०३३२५०५३००)

मकवानपुरगढी गाउँपालिका , मकवानपुर

परिचय

१ .

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १४८.७३ वर्ग किलोमिटर तथा २५ हजार १०४ जनसंख्या रहेको छ । संघ, प्रदेश एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०१ देखि २०८२।०८।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाँउपालिकाको जम्मा रु. १२८७४५२८७६.४२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को

विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु.१४,९६३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।



मकवानपुरगढी गाउँपालिका
आ.व. ०८१/८२
आर्थिक कारोवारको एकिकृत विवरण

क्र.सं.	प्राप्ति विवरण	रकम	जम्मा रकम	भुक्तानी विवरण	रकम	जम्मा रकम
	शुरु मौज्दात		[illegible]	चालु खर्च		३५००११६०६.८२
१	संचित कोष शुरु मौज्दात	३८,८३७,३३२.१३		१.पालिका तर्फ	१२०१०११५८.४२	
२	धरौटी खाता	१३४४००२५		२.संघिय सशर्त चालु	२०८१५४८८.४	
३	कार्य संचालनकोष			३.प्रदेश सशर्त चालु	२१०७५५६२	
	विविध खर्चखाता	२६५६७२.४८				
४	अन्य कोष					
	क. कर्मचारी कल्याणकोष गा.पा.	७८३३८०.८				१५२८४६८७८.१८
	ख. लैंगिक हिंसा निवारण कोष गा.पा.	१०००००		पुँजिगत खर्च		
	ग. स्थानीय शान्तिकोष गा.पा.	९००००		१.पालिका तर्फ	१०५९१३३०१.५९	
	घ.मलामी सम्भारकोष गा.पा.	१८२६५४.५१		२.संघिय सशर्त	७३७५१४७	
	ङ.प्रकोप व्यवस्थापन कोष	१८२५०२५		३.संघिय विशेष	४९९६३५५.८	
	च.कोरोना व्यवस्थापनकोष	१४२५५८.०७		४.प्रदेश सशर्त	४७३०११०	
				५.प्रदेश विशेष	३०११०६३.७५	
				६.प्रदेश समपूरक	१२५२९०००	
१	राजस्व आन्तरिक आय		१५०८१५८४४.८७	अन्तर सरकारी वित्तिय हस्तान्तरण (संघ)		१०१८३३३२०.८
	क. आन्तरिक राजस्व	१३,०७१,२००.३३		क.सामाजिक सुरक्षा	५७९९४१५४	
	ख. राजस्व बाँडफाँड संघ	९३८७०८७१.३४		ख.विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र	५१६०००	
	ग. राजस्व बाँडफाँड प्रदेश	१६,८९३,६३८.९०		ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३३२१६६.८	
	घ.बाँडफाँडबाट प्राप्त स्थानीय	२८५२८३९९.३०		अन्तर सरकारी वित्तिय हस्तान्तरण (प्रदेश)	०	०
	ङ.बेरुजु असुली दाखिला	२५३९३५.००		धरौटी फिर्ता	१०८९३२४८	१०८९८३३१
					५०८५	
२	वित्तिय हस्तान्तरण संघ		३३३१८५१७५.८	धरौटी सदरस्याहा		४९८७८८७.५
	क.समानिकरण	९०,१०८,३२०.००		विभिन्नकोषबाट खर्च		
	ख.सशर्त अनुदान चालु	२२८,६८०,५००.००		मलामी सम्भारकोषबाट खर्च	०	
	ग.सशर्त अनुदान पुँजिगत	११,४००,०००.००		प्रकोप व्यवस्थापन कोषबाट खर्च	१५३६७८२.५०	
	घ.विशेष अनुदान	४९९६३५५.८		कोरोना व्यवस्थापनकोषबाट खर्च	०	
	ङ.समपूरक अनुदान	०		विविध खर्च खाता	२८३०९०५	
	च.अन्य अनुदान	०		बालबालिका कोष	०	
३	प्रदेश सरकारबाट प्राप्त अनुदान		५५९०३०००	अनुदान फिर्ता		
	क.समानिकरण	९,४४१,०००.००		१.संघिय सशर्त	२२५०६४६६.६	२२५०६४६६.६०
	ख.सशर्त अनुदान चालु	२३,७३८,०००.००		१.संघिय विशेष	०	
	ग.सशर्त अनुदान पुँजिगत	५३२००००		२.१.प्रदेश सशर्त	२,६१२,३२८.००	४३८८३६४.२१
	घ.विशेष अनुदान	४८७५०००		२.२ प्रदेश विशेष	१,७७५,९३६.२१	
	ङ.समपूरक अनुदान	१२,५२९,०००.००		२.३ प्रदेश समपूरक	०	७१०१६३०२.२८
४	अन्तर सरकारी वित्तिय हस्तान्तरण(संघ)		१०१८३३३२०.८	अन्तिम बैंक मौज्दात		
	क.सामाजिक सुरक्षा	५७९९४१५४		संचित कोष	५८,९८८,१२६.९९	
	ख.विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र	५१६०००		धरौटी खाता	८७७७२७९	
	ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३३२१६६.८		कर्मचारी कल्याणकोष गा.पा.	११०३४०४.८	
५	अन्तर सरकारी वित्तिय हस्तान्तरण(प्रदेश)			लैंगिक हिंसा निवारण कोष गा.पा.	१०००००	
६	वित्तिय व्यवस्था प्राप्ति	०		स्थानीय शान्तिकोष गा.पा.	९००००	
७	धरौटी प्राप्त आय	५७३५५८५	५७३५५८५	मलामी सम्भारकोष गा.पा.	१८२६५४.५१	
				प्रकोप व्यवस्थापन कोष	१३८८२४२.५	
८	कार्य सञ्चालनकोष विविधखर्च खाता	२८०९३७०.८३	२८०९३७०.८३	कोरोना व्यवस्थापनकोष	१४२५५८.०७	
				विविध खाता	३४४०३८.३१	
९	विभिन्न अन्यकोष तर्फको आय		१३३०१३४			
	क.कर्मचारी कल्याणकोष	३३०१३४				
	ख.मलामी सम्भारकोष	०				
	ग.प्रकोप व्यवस्थापन कोष	१००००००				
	घ.कोरोना व्यवस्थापनकोष	०				
	ङ.लैंगिक हिंसा निवारण कोष	०				
१०	च. स्थानीय शान्तिकोष	०				
११	गैरसरकारी संस्थाबाट सञ्चालित योजना					
१२	अन्य सहयोगमा प्राप्त संचालित योजना					
	जम्मा	[illegible]	[illegible]	जम्मा	[illegible]	[illegible]

रामकृष्ण श्रेष्ठ
...लेखा अधिकृत

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ बैक हिसाब मिलान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार र बैक अनुसारको हिसाब विवरण देहाय बमोजिम रहेको छ।

संकेत	कोष खाता	श्रेस्ता अनुसार बाँकी	बैक अनुसार बाँकी
१	स्थानीय तह सञ्चित कोष खाता	५, ८९ , ८८ , १२६.९९	५, ८९ , ८८ , १२६.९९
२	स्धानीय तह धरौटी खाता	८७, ७७ , २७९.००	८७, ७७ , २७९.००
३	विविध खर्च खाता	३, ४४ , ०३८.३१	३, ४४ , ०३८.३१
४	स्थानीय तह विविध कोष खाता	१४, ७६ , ०५९.३९	१४, ७६ , ०५९.३९
५	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१४, ३० , ७९८.५७	१४, ३० , ७९८.५७
जम्मा		७, १० , १६ , ३०२.२६	७, १० , १६ , ३०२.२६

४ जिम्मेवारी फरक

स्थानीयतहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। गत आ व को बैक मौज्दात रु ५,६०,६५,८८५.०७। रहेकोमा यो बर्ष जिम्मेवारी सार्दा ५,६०,६६,५३६.०७ जिम्मेवारी सारेको देखियो । विगतको मौज्दात भन्दा रु ६५१ ले बढी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब समायोजन विवरण पेश गर्नुपर्दछ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. रू ११ लाख ६५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू १५ लाख ९३ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनउनुपर्ने देखिन्छ ।

६ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।साथै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको तथा पालिका तर्फको आन्तरिक लेखापरीक्षण बार्षिकरुपमा मात्र गरेको छ । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

७ **नीति तथा कार्यक्रम कार्यान्वयन**

पालिकाको २०८१।८२ को नीति तथा कार्यक्रममा मकवानपुरगढी भित्र रहेका कृषकहरुको वर्गीकरण गरि, गराई पहिचान सहितको किसान परिचयपत्र वितरणको कार्य सुरुवात गरिने, कृषि क्षेत्रमा डिजीटाईजेसन गर्न प्राथमिकता दिईने, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चिततागर्न संघ र प्रदेश सरकार सँग सहकार्य गरि खाद्यान्न भण्डारणको व्यवस्था गर्ने, किसान बजार तथा हाट बजारको स्थापना गरी संचालनमा ल्याईने, माटो परिक्षण प्रयोगशला सेवालाई प्रभावकारी बनाईने, घुम्ति माटो परिक्षण सेवा संचालन गरिने, वजारीकरणमा सहयोग पुराउन सहकारीको साझेदारीमा कृषी एम्वुलेन्स व्यवस्था गरिने, कृषि तथा पशुपालन परियोजना बैंक बनाई आवश्यक पर्ने भूमि भूमि बैंक मार्फत निशुल्क उपलब्ध गराउन पहल गरिने, मनकामना भन्ज्याङमा कृषि हाट व्यवस्थापन गरिने, लैंगिक समानता तथा सामाजिक समावेशीकरण मापनका सूचकहरुको प्रभावकारी अनुगमन र मूल्यांकन गरिने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा योजनाहरुको सार्वजनिक परिक्षण गर्ने नीति लिइने उल्लेख भएकोमा उक्त नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न बजेट तथा कार्यक्रममा समावेश गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई बजेट तथा नीति कार्यक्रममार्फत कार्यान्वयन गर्नुपर्दछ।

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ।

पूँजीगत खर्च	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेसो त्रैमासिक	चौथो त्रैमासिक	असारको मात्र खर्च
	१४२६४६८७८.१८	१०६४८७५	६३०६१६४	२२९०९०१५	११२३६६८२४.१८	६६७७२९५२.०९
खर्च प्रतिशत	१००	०.७५	४.४३	१६.०५	७८.७७	४६.८०

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगतरुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ७८.७७ प्रतिशत गरेको छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप समयमै कार्य सम्पादन गरी वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

९ **रकमान्तर**

पालिकाको विनियोजन ऐन,२०८१ को दफा ३ को उपदफा (२) मा कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अन्य शिर्षकमा सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने रकमान्तर गर्न पाइने र उपदफा (३) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष शुरु विनियोजित बजेटको विभिन्न १२४ कार्यक्रमको रु ४४३०६२७।बजेट घटाई विभिन्न १३८ कार्यक्रममा रु ३२५४८८०। थप गरी रकमान्तर गरेकोमा हिउँदे सभाबाट २०८१।१०।२५ मा स्वीकृत गरेको छ ।

स्वीकृत क्रियाकलापमा कार्य सम्पादन नहुने र बीच बीचमा विभिन्न शिर्षकमा रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गरी बजेट अनुशासन कायम गर्नुपर्दछ ।

१० अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २०८२।३।२९ मा देहाय अनुसारको रकम खर्च नभई फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघिय सरकार	शशर्त	२३८०८०५००.००	२१५५७४०३३.४०	२२५०६४६६.६०
प्रदेश सरकार	शशर्त	२९०५८०००	२६४४५६७२	२६१२३२८.००
	विशेष	४८७५०००	३०९९०६३.७९	१७७५९३६.२१
	समपुरक	१२५२९०००	१२५२९०००	०.००
जम्मा		२८४५४२५००.००	२५७६४७७६९.१९	२६८९४७३०.८१

११ शसर्त अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीयतहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार तोकिएको आयोजनामा खर्च हुन नसकी बाँकी रहेको रकम सम्बन्धीत संघको सन्चितकोष फिर्ता नगरी कोटेशन मार्फत थप कार्य गराएको छ।

गो भौ न र मिती	खर्च भएको शिर्षक	विवरण	रकम
३४।२०८२।३।२५	शहिद रुद्र स्मृति पार्क निर्माण अन्तर्गत पुर्वाधार निर्माण	उक्त कार्यको लागी रु ५० लाख बजेट निनियोजन भएकोमा निर्माण व्यवसायी मार्फत कार्य गराई कार्य सम्पन्न तयार गरेकोमा पून सोही कार्यको लागी कोटेशन मार्फत कार्य गराएको	८२९६८२

शसर्त अनुदानको रकम तोकिएको कार्यमा बचत भएकोमा फिर्ता नगरी थप खर्च गरेको देखीएकोले उक्त रकम संघिय सन्चित कोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	८,२९,६८२

१२ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	कुल खर्चको तुलनामा खर्च (%)
१	आर्थिक विकास	७४१६०८९१	४७६१५६७१	१०
२	सामाजिक विकास	३२७२१४८५०	२८३७२६६४२	५७
३	पूर्वाधार विकास	१३६०४००९६	८७६२७५२१	१८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१७०२३७३०	११८८५९८९	२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८१९३८९७०	६१८०२६६१	१३
कुल जम्मा		६३६३७८५३७	४९२६५८४८५	१००

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ १० प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५७ प्रतिशत, पूर्वाधारतर्फ १८ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ २ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १३ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ १० प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा थप बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको १३ प्रतिशत गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।

१३ **आयोजना बैंक**

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वयन गरिनुपर्दछ।

१४ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष देहाय अनुसारको योजनामा बजेट विनियोजन गरेको छ ।

सि.न.	विवरण	योजना संख्या	जम्मा रकम
१	रु ५ लाखभन्दा कमका योजनाहरु	१६५	८५२५९३३७
२	रु ५ लाख देखी २० लाख सम्मको योजनाहरु	५३	१८०९००००
३	रु २० लाख भन्दा माथिका योजनाहरु	११	११६०१३६६३
जम्मा		२२९	२१९३६३०००

१५ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको समेत गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १५९३६०००।- भुक्तानी दिएको छ। चालु प्रकृतिका खर्च समेत विगतको भुक्तानी दिन बाँकी रहेको दायित्व यस बर्ष भुक्तानी गरेको केही उदाहरण देहाय अनुसार रहेको छ ।

गोश्वारा भोचर र मिति	फर्मको नाम	सामाग्री विवरण	रकम	कैफियत
१०-२०८१।८।२	न्यू त्रिवेणी सप्लायर्स	चेयर कार्पेट पर्दा लगायत	२११०३८	२०८०।९।१६ को विल
११-२०८१।८।२	मुनलाइट टेक्नोलोजी प्रा.ली	ल्यापटप डेल	९२०००	२०८१।१।२३ को बिल
१२-२०८१।८।२	युनाइटेड ट्रेडिङ	प्रिन्टर	२४१०००	२०८१।१।४ को बिल
१८-२०८१।८।१७	कामना सप्लायर्स	कार्पेट	९९८९२	२०८१।३।४ को बिल
२०-२०८१।८।१७	कामना सप्लायर्स	दराज, कुर्सी लगायत	९९८९२	२०८१।३।१९ को बिल
२३-२०८१।८।१७	श्री त्रिवेणी इन्टरप्राइजेज एण्ड सप्लायर्स	कार्पेट, कम्प्यूटर टेवल	३७१३१	२०८१।३।४ को बिल
२५-२०८१।८।१८	डिजिटल भिजन टेक्नोलोजि प्रा.ली	प्रिन्टर, ल्यापटप	८२५००	२०८१।३।७ को बिल
७१-२०८१।११।५	कामना सप्लायर्स	कुर्सी लगायत	६२८२८	२०८१।३।४ को विल
७३-२०८१।११।५	न्यू त्रिवेणी सप्लायर्स	लो बेड, अफिस टेवल सोफा	७३२५२	२०८०।१२।१९ को बिल
७५-२०८१।११।५	सफल सप्लायर्स	कुर्सी, कार्पेट फिटिङ्स लगायत	६८००	२०८१।३।६ को विल
जम्मा			१०,०६,३३३	

ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिका र ८ वटा वडा कार्यालयमा समेत ८२ स्वीकृत दरबन्दीमा ३५ जना स्थायी ३१ जना करार र ९ जना ज्यालादारीमा पदपूर्ती भएको छ भने ७ दरबन्दी रिक्त रहेको छ। स्वास्थ्य तर्फ ३८ स्वीकृत दरबन्दीमा २३ जना स्थायी र १७ जना कररामा पदपूर्ति भएको छ। स्वीकृत दरबन्दी भित्र रही पदपूर्ति गर्न ध्यान दिनुपर्दछ।

१७ तलबी प्रतिवेदन

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नपाउने उल्लेख छ। | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फ २५ कर्मचारीको रु.१९०३८१५४। र पालिका तर्फका ३४ कर्मचारीको रु १९८१४०००। समेत रु. ३८८५२१५४। तलब भत्ता वापत खर्च लेखेको छ। ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१८ आर्थिक कारोबारको लेखाङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२ तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।

१९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको ५ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष २० मुद्दा थप भई १ मुद्दा अदालत पठाइएको र ४ मुद्दा बाँकी रहेको छ।पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। डिभिजन सहकारीले हस्तान्तरण गर्दा ६३ सहकारी रहेकोमा पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्ररहेका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ५२ वटा सहकारी संस्थामध्ये १२ सहकारीले विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२१ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औंल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार २ थान मोटरसाइकल, १ थान स्कुटर,३ थान डेस्कटप कम्प्युटर, ४० थान कुर्सी, १९ थान नाइट्रोजन कन्टेनर लगायतको सामाग्री लिलामी गर्नुपर्ने बेहोरा औंल्याएकोमा सोको कार्यान्वियन गरेको छैन ।जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएको बेहोरा कार्यान्वियन गरी जिन्सी व्यवस्थापन चुस्त दुरुस्त बनाउनुपर्दछ ।

२२ विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ जारी गरेको छ ।यो बर्ष समितिको बैठक ४ पटक मात्र बसेको देखिन्छ।

कार्य योजना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

२३ आय ठेक्का

पालिकाको आ.व. २०८१/०८२ को आय ठेक्का ठेक्का नं. 01/MGRM/NCB/GOODS/2081/082, सामरी खोला र कार्की खोलाको ढुङ्गा गिट्टी बालुवा ग्राभेल रोडा स्लेट आदि उत्खनन् तथा बिक्रि कर संकलन (खानी क्षेत्र बाहेक) को लागी प्राप्त वोलपत्रहरु उपर मूल्याङ्कन गर्दा सगरमाथा । अमृत जेभीको सारभूत रुपमा प्रभावग्राही भई अधिकतम् मूल्याङ्कित रकम (मू.अ. करसमेत) रु. ४,०२,९३,५७६/९५ कायम हुन आएको बोलपत्र स्वीकृत भएकोमा पालिकाले २०८१।८।२३ मा सम्झौता गरेको छ।

खोलाको क्षेत्रको नाम	ठेक्का मार्फत निकाल्ने परिमाण (ढुँगा, गिटि , बालुवा , रोडा आदि)
ठुलीवेशी घाटेपाटी देखि कार्की खोलासम्म	५२, ८०० घन मिटर
कार्की खोलादेखि घट्टे दमार सम्म	५४, ६०० घन मिटर
कालिवन झोलुङ्गे पुलदेखि ठुलीबेशी घाटेपाटी सम्म	२२, १०० घन मिटर
जम्मा	१२९५०० घनमिटर

सम्झौताको शर्तमा ठेक्काको कबोल अंकको रकम ठेकेदारले तिन किस्ता गरी बुझाउनुपर्ने शर्त उल्लेख गरेको छ । पहिलो किस्तामा कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम रु. १,६१,१७,४३१/०० दोश्रो किस्ता पुष मसान्तसम्म कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम रु. १,२०,८८,०७४/०० र अन्तिम किस्ता रु. १,२०,८८,०७४/०० चैत्र मसान्तसम्म बुझाउनुपर्ने उल्लेख छ । सम्झौताको शर्त नं १३ मा .तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गाउँपालिकाले ठेक्का तोडन सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १२% का दरले ब्याजसमेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्ने उल्लेख गरेको छ। कबोलकर्ताले दोस्रो र तेस्रो किस्ता समयमा नै नबुझाई देहाय अनुसार ढिला गरी किस्ता भुक्तानी गरेको छ ।

विवरण	रकम	बुझाउनुपर्ने अवधि	बुझाएको मिति	ढिला बुझाएको दिन	शर्त अनुसार ब्याज
पहिलो किस्ता ४० प्रतिशत	१, ६१ , १७ , ४३१/००	२०८१।८।१०	२०८१।८।१०		
दोस्रो किस्ता ३० प्रतिशत	१, २० , ८८ , ०७४/००	२०८१।९।३०	२०८२।२।१	१२०	४७६८९९
तेस्रो तथा अन्तिम किस्ता	१, २० , ८८ , ०७४/००	२०८१।१२।३०	२०८२।२।३० मा रु ५० लाख बुझाएको	६० दिन	९८६३०
			२०८२।३।२४ मा बाँकी रकम	८४ दिन	१९५७४८
जम्मा					७७१२७६

शर्त अनुसार समयमा किस्ता दाखिला नगरेकोमा पालिकाबाट ब्याज असुल नगरेकोले शर्त अनुसारको ब्याज रु ७७१२७६। गणना गरी असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	७,७१,२७६

२४ **निकासी शुल्क**

आर्थिक ऐन,२०८१।८२ लागि प्राकृतिक स्रोत र साधनहरुको ढुङ्गा गिट्टी तथा बालुवा रोडा र ग्राभेलको निकासी बापत प्रति घन फिट ८५ पैसाको दरले निकासी शुल्क लगाइने उल्लेख छ । पालिकाले यो बर्ष निकासी शुल्क बापत रकम असुल गरेको देखिएन । पालिकाले यस बर्ष नदीजन्य पदार्थ १२९५०० घनमिटर परिमाण अर्थात ४५७३२४९.३४ घनफिट परिमाणको ढुङ्गा गिट्टी बालुवा ग्राभेल रोडा स्लेट आदि उत्खनन् गरेको देखिएकोमा उक्त परिमाणमध्ये पालिकाबाट अन्यत्र निकासी भएको परिमाणमा निकासी शुल्क लगाएको पाइएन । आर्थिक ऐनमा उल्लेखित व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२५ **कर संकलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको तिन वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आर्थिक बर्ष	राजश्व अनुमान	राजश्व असुली	असुली प्रतिशत
२०८१।८२	१५३६८३३३	१२४७०४००.३३	८१.१४
२०८०।८१	२१५९१४७०	११८७९५०५.९७	५५.०१
२०७९।८०	२७७१८०००	११९८१५०४.७	४३.२२

उपरोक्त विवरण अनुसार आ.व २०७९।८० मा ४३.२२ प्रतिशत तथा आ.व २०८०।८१ मा ५५.०१ प्रतिशत अनुमानित आयको राजश्व संकलन गरेकोमा यस वर्ष भने अनुमानको तुलनामा ८१.१४ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ।पालिकाले राजश्व अनुमान तथा प्रक्षेपण लाई विश्वश्नीय तथा बैज्ञानिक बनाउदै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ।

२६ **शिर्षकगत आम्दानी**

पालिकाले पेश गरेको विवरण अनुसार यस बर्षको शिर्षकगत आम्दानीको लक्ष्य तथा प्रगतिको स्थिति देहाय अनुसार रहेको छ ।

क्र सं	शिर्षक	लक्ष्य	प्रगति
१	११३१३ - सम्पती कर	३,५०,०००.००	३,६९,०५२.००
२	११३१४ - भुमिकर/मालपोत	१३,००,०००.००	१०,९५,१५०.५२
३	११३१७ - वहाल कर	८,३३,३३३.००	११,३८,४६७.४०
४	११३१८ - वहाल विटौरी कर	१,००,०००.००	०
५	११४७९ - अन्य मनोरञ्जन कर	५००००	९००६.५
६	११६११ - व्यवसायले भुक्तानी गर्ने	०	२,२३,१२५.००
७	१४१९१ - पर्यटन शुल्क	४,००,०००.००	०
८	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	२,००,०००.००	३६५००
९	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	७,००,०००.००	७५०००
१०	१४२२४ - परीक्षा शुल्क	५००००	३५०००
११	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	०	२४४६०
१२	१४२४२ - नक्सापास दस्तुर	७,००,०००.००	१,५९,५७७.०२
१३	१४२४३ - सिफारिश दस्तुर	१८,००,०००.००	१९,४४,६६६.२०
१४	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	८,००,०००.००	४,८२,४३६.००
१५	१४२४५ - नाता प्रमाणित दस्तुर	२००००	६०७००
१६	१४२४९ - अन्य दस्तुर	१५,६५,०००.००	२४०३०
१७	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	६,०४,६५०.००
१८	१४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर	०	२५००
१९	१४२६५ - अन्य क्षेत्रको आय	४,००,०००.००	०
२०	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	१५,००,०००.००	२,९२,२००.००
२१	१४५२९ - अन्य राजस्व	२०,००,०००.००	५६,४९,२६९.७४
२२	१४६११ - व्यवसाय कर	११,००,०००.००	८,४५,४१०.००
२३	१५१११ - बेरूजू	१५,००,०००.००	२,५३,९३५.००

समग्रमा लक्ष्यको तुलनामा ८६.७० प्रतिशत प्रगति हासिल गरेको छ । वहाल विटौरी कर, पर्यटन शुल्कतर्फ लक्ष्यको तुलनामा शुन्य प्रगति भएको छ । पालिकाले आम्दानीको लागि नगदी रसिद ठेलीको प्रयोग गरेको छ जसबाट संकलित राजस्वको दैनिक गोश्वारा खाता, दैनिक नगद राजस्व आम्दानी खाता, राजस्व प्राप्तिको बैंक नगदी किताब (म.ले.प.फा.नं. हरू क्रमश १०५, १०६, १०८) आदिको प्रयोग गरी लेखाङ्कन गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । साथै वडाबाट संकलित राजस्व समयमा दाखिला नगरी २-३ महिनापश्चात् संकलन गरेको देखियो । स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue portal) प्रयोग गरी राजस्व व्यवस्थापन गर्नुपर्नेमा पालिकाले नगदी रसिद प्रयोग गरी राजस्व संकलन गर्ने गरेको छ । सुत्रको राजस्व मोड्युलबाट राजस्व लेखाङ्कन गर्ने, तोकिएको ढाँचामा अभिलेख र राजस्व खाता तयार गर्ने एवं समयमा नै वडामा संकलित राजस्व दाखिला गर्नुपर्दछ ।

२७ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीयतहले कानुन तथा कार्यविधि नबनाई रु. ७३२०००।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

२८ **पदाधिकारी सुविधा**

स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु. ६०२४०००। सुविधा भुक्तानी दिएको छ। यो बर्षको आन्तरिक आय रु १२४७०४००.३३ को तुलनामा ४८.३० हुन आउँछ।

२९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. १७ लाख २० हजार खर्च गरेको छ । गत बर्ष विविधतर्फ रु १५ लाख ९३ हजार खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

३० **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा पालिकाको के कति सवारी साधनको कति पटक मर्मत गरेको हो सो को विवरण उल्लेख नगरी म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.३८८८२६६। खर्च लेखेको छ । जसमध्ये रु १०३९५४४। गत आर्थिक बर्षको भुक्तानी बाँकी रहेको यस बर्ष भुक्तानी गरेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

३१ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले यो बर्ष इन्धनमा रु ३२६३०५२। खर्च गरेको छ । पालिकामा ४ पाङ्ग्रे २ र २ पाङ्ग्रे २५ वटा सवारी साधन रहेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीबाट देखिएकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्ड तर्जुमा गरी सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

३२ **सवारी साधन खरिद**

सवारी साधन खरिदसार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा १३ को उपदफा ३ मा आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोमा बाहेक अन्य अवस्थामा चारपाङ्ग्रे सवारी साधन खरिद नगर्ने र मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्नुपर्ने उल्लेख छ।गाउँपालिका चालू गो भौ नं ८३।२०८१।११।२५ बाट जोशी अटो मोबाइल्सबाट रु ३९५९००।र गो भौ नं २१९।२०८२।१।२८ बाट रु ३०८९००। समेत रु ७०४८००।को २ थान स्कुटर खरिद गरेको छ । मापदण्डको पालना हुनुपर्दछ ।

३३ **दैनिक भ्रमण भत्ता**

.

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **९,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ **परामर्श सेवा**

परामर्श सेवा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ।

गो भौ.नं र मिति	कार्यको विवरण	परामर्शदाता	लागत अनुमान (मु.अ.कर सहित)	सम्झौता रकम (मु.अ.कर सहित)	भुक्तानी (मु.अ.कर सहित)	
१४४१। २०८२।३।५	जग्गा वर्गीकरण सम्बन्धी कार्य	फाइभ आई जियोटक इन्जिनियरिङ सोलुसन प्रालि	१४०००००	१३७३५८४	१३५०३७४	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

३५ **शारदा स्कुल भवन निर्माण**

CONSTRUCTION OF SARADA SCHOOL BUILDING CONTRACT ID: 15/MGRM/NCB/WORKS/2079-80

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ को उपदफा (१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले मकवानपुरगढी गाउँपालिका वडा नं ५ को शारदा माध्यामिक विद्यालयको तीन तले १२ कोठे भवन निर्माणको लागि रु २४०९१६५४। मूअकर र पि एस बाहेकको रकममा २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।२।३१ मा सम्झौता गरेकोमा तोकिएको अवधिमा कार्य सम्पन्न भएको देखिएन । यो बर्षसम्म सातौ रनिङ बिलसम्म रु १९३९६७६९ मूअकर र पिएस बाहेक खर्च भई ८०.५१ प्रतिशत वित्तीय प्रगति भएको छ । ३ तले भवन निर्माणको लागि ठेक्का सम्झौता गरेकोमा दुई तला निर्माण कार्य सम्पन्न हुँदा मात्रै Steel reinforcement bar of Fe415/500 grade को परिमाण लागत अनुमानमा ६०.४६ टन रहेकोमा ६९.४२ टन खपत भएको देखिन्छ । तोकिएको समयावधि भित्र कार्य सम्पन्न नभएको एवं लागत अनुमान तयार गर्दा सही ढङ्गले नगर्दा वित्तीय प्रगति ८०.५१ प्रतिशत हुँदा भौतिक प्रगति ६६ प्रतिशतमात्र भएको देखिन्छ । उक्त कार्यको लागि देहाय अनुसारको item मा परिमाण थप भएको देखिन्छ ।

परिमाण	सम्झौता अनुसार	हालसम्म	कैफियत
Steel reinforcement bar of Fe 415/500 grade including straightening, cleaning, cutting, bending, placing in position and binding with annealed binding wire all complete as per design,drawing and specification.	६०. ४६ टन प्रति टन रु १ लाखका दरले रु ६०४६०००	६९. ४२ टनको रु ६९४१५६३। भुक्तानी गरेको	यस आइटममा १४. ८१ प्रतिशत परिमाण बढेको र कुल सम्झौता अङ्कमा ३ . ७१ प्रतिशतले रकम बढेको

कुल सम्झौता अङ्कको तुलनामा ३.७१ प्रतिशतले एकै आइटममा बृद्धि हुँदा समेत भौतिक प्रगति न्युन भएको एवं मुख्य structural materials को लागत अनुमान सही ढङ्गले नगर्दा काम अधुरो नै रहेको एवं तोकिएको समयावधिभित्र कार्य सम्पादन भएको नदेखिँदा सम्बद्ध पक्षलाई जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३६ **कोल्ड स्टोर निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने र दफा ६३ मा कालो सूचीमा राख्न लेखि पठाउनुपर्ने व्यवस्था छ । ठेक्का नं MRM/NCB/12/2078-079 कोल्ड स्टोर निर्माणको लागि सुन्दर निर्माण सेवासँग २०७९।२।१६ मा सम्झौता भई २०८०। ३।१५ मा कार्य सम्पन्न गर्ने गरी मूअकर समेत रु २९१३२४४०। को सम्झौता भएकोमा चौथो रनिङ बिल २०८१।२।२ सम्म १७७३३५८५। भुक्तानी भई ६०.८७ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ । अन्तिम पटक कार्यपालिकाको निर्णयद्धारा २०८२।३।१५ सम्म म्याद थप गरेकोमा समेत थप कार्य यो बर्ष नभई काम अधुरो नै रहेको देखियो । सम्झौता अवधि समाप्त भइसक्दा समेत रु ७ लाख पेश्की फस्र्योट हुन बाँकी रहेको एवं अन्तिम पटक २०८२।३।१५ सम्म म्याद थप गरेको सम्झौताको म्याद गुज्रिसकेको देखिन्छ ।म्याद नाघेको उक्त पेश्की फस्र्योट हुनुपर्दछ । निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नुपर्ने मिति समाप्त भै सक्दा समेत विविध कारण उल्लेख गरी निर्माणकार्यमा न्यून प्रगति भएको र काम अधुरो नै छाडेको देखियो। नियममा व्यवस्था भएबमोजिम आवश्यक कारवाही गरी अधुरो निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।।

३७ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले नियममा व्यवस्था भए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गरेको छैन। बार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

३८ वितरणमुखी कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार वितरणमुखी क्रियाकलापमा खर्च गरेको देखिन्छ ।

गो भौ नं र मिति	विवरण	रकम
१२२।२०८१।०७।२६	तीज कार्यक्रम खर्च	४५५००
३२६।२०८१।०९।१७	पशुपति मेला व्यवस्थापन कार्यक्रम	२५०००
४९८।२०८१।१०।२९	ल्होछार कार्यक्रम	५०००००
५६२।२०८१।११।१३	मकवानपुरगढी विजयोत्सव कार्यक्रम	२०००००

वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।

३९ आर्थिक सहायता वितरण

संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यस बर्ष ५३ जना व्यक्तिलाई रु ७६३०००। आर्थिक सहायतामा वितरण गरेको छ ।पालिकाद्वारा जारी अनुदान तथा आर्थिक सहायता निर्देशिका को बुँदा ७ मा रु १५ हजारसम्म अध्यक्षबाट र कार्यपालिकाको निर्णयबाट रु १५ हजारदेखि २० हजारसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्ने उल्लेख छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

४० पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्र्योट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको रु ४२१४०००। नियमानुसार फस्र्योट हुनुपर्दछ । उक्त पेश्की मध्ये सुकौरा स्वास्थ्य चौकीको म्याद नाघेको पेश्की रु ३०००००।फस्र्योट हुनुपर्ने रु.

क्र सं	विवरण	पेश्की लिने	पद	रकम
१	अस्पताल क्षेत्र खानोपनि योजना	अस्पताल क्षेत्र खानेपानि योजना उपभोक्ता समिति	अध्यक्ष	३३००००
२	टसि छ्योइखोर्लिङ गुम्वा निर्माण	टासि छ्योइखोर्लिङ गुम्वा निर्माण उपभोक्ता समिति		३३००००
३	विधुत विस्तार तथा पोल खरिद	विधुत विस्तार तथा पोल खरिद उपभोक्ता समिति	अध्यक्ष	४९५०००
४	वुदुने खोला पुल निर्माण	बुधुने खोला पुल निर्मान उपभोक्ता समिति वडा १		६४००००
५	सुरक्षीत नागरीक आवास कार्यक्रम	सुरेश राई	खरिदार	१२७६०००
६	सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण	आर.बि. अर्वान बिल्डर्स एण्ड सप्लायर्स प्राइभेट लिमिटेड		१०३०००
७	कोल्ड स्टोर निर्माण	सुन्दर नेपाल निर्माण सेवा	प्रो.	७०००००
८	असाहय संग गाउपालिका अध्यक्ष कार्यक्रम	युवराज न्यौपाने	कार्यालय सहयोगी	४००००
९	सुकौरा स्वास्थ्य संस्था अनुदान	सुकौरा स्वास्थ्य चौकी		३०००००
जम्मा				४२१४०००

पेश्की	३,००,०००

४१ **उपभोक्ता समिती मार्फत कार्य**

४१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न २२० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १०४३१७३८२। भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको,
- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको,
- उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/ गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, गराउने जस्ता कार्य गराएको पाइएन
- यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा नक्सा पेश गरेको देखिएन
- पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

४१.२ **उपभोक्ता समिति मार्फत खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनाहरुमा आवश्यक पर्ने पाईप तथा फिटिङ्स सामग्रीहरु र ग्याविन जालीको योजनागतरुपमा एकिकृत लागत अनुमान विवरण तयार गरी

कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधि मार्फत सामाग्री खरिद गरी निर्माण कार्यमा संलग्न रहेको उपभोक्ता समिति मार्फत निर्माण तथा जडान कार्य गर्नुपर्दछ। कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरुमा समेत खरिद कार्य राखी लागत अनुमान तयार गरेको देखियो। कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरु र सो कार्यको लागि आवश्यक पर्ने खरिदको पहिचान गरी प्रतिस्पर्धात्मक खरिद विधिबाट सामाग्री खरिद गरेर निर्माण कार्यमा मात्र उपभोक्ता समितिलाई लगाउनुपर्नेमा उपभोक्ता समिति मार्फत सामाग्री खरिद गरी भुक्तानी गरेको उचित देखिएन। उपभोक्ता समिति संलग्न गराई खरिद कार्य गरेको प्रतिस्पर्धि तथा मितव्ययी देखिएन।यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

गोश्वारा भौचर र मिति	उपभोक्ता समितिको नाम	खरिद विवरण	फर्मको नाम	विल रकम	भुक्तानी रकम
११३-२०८१। १२।७	रानिसेरा लाइनपाखा वृहत खानेपानी उपभोक्ता समिति	एच.डि.पि पाइप विभिन्न	ढकाल एण्ड सप्लायर्स	३८६५५५	६७८१७१
		एच.डि.पि पाइप विभिन्न	प्रोपर क्रियसन प्रा.ली	३८३१०५	
४२५-२०८२। ३।२४	खानेपानी पाइप खरिद एवम् छापको लाटोखोला ह्युमपाइप बाटो मर्मत उ.स	ह्युम पाइप	एन.एच.पि म्यानुफ्याक्चरर्स प्रा.ली	२९७९७५	४४८५८५
		एच.डि.पि पाइप विभिन्न	सुदिप हार्डवेयर एण्ड सप्लायर्स	१२७८६९	
४४१-२०८२। ३।२४	खानेपानी संरचना मर्मत तथा पाइप खरिद उ.स	एच.डि.पि पाइप विभिन्न	आर.ए ट्रेड एण्ड सप्लायर्स	३४०७९४	२८७०६०

४१.३ **अधुरा योजना-** कार्यालयवाट प्राप्त विवरण अनुसार निम्न योजनाहरुमा गत विगत बर्ष देखी न्यून मात्रामा वजेट विनियोजन गरेको कारण योजना सम्पन्न नभई अधुरो रहेको छ। कार्यालयले निर्माण हुने योजनाहरुको विस्तृत लागत अनुमान तयार नगरी बार्षिक रुपमा बिनियोजित बजेटलाई आधार बनाई लागत अनुमान तयार गरेबाट निर्माणाधिन योजनाहरु समयमानै सम्पन्न नभई अधुरो रहेको देखियो। उक्त योजनामा गतविगत बर्षहरुमा भएको खर्चको विवरण माग भएकोमा कार्यालयले सोको विवरण पेश नगरेकोले थप विश्लेषण गर्न सकिएन। आवश्यकता र औचित्यताको आधारमा योजनाहरुको छनौट गरी सोको विस्तृत लागत अनुमान तयार गर्ने, योजना सम्पन्न गर्न आवश्यक बजेटको सुनिश्चित गरी विनियोजित योजनाहरु समयमा नै सम्पन्न गर्नुपर्दछ। विनियोजित योजनाहरु समयमा सम्पन्न नगरी नयाँ आयोजना मात्र थप्दै जाँदा जनताले समयमा प्रतिफल नपाउने र आयोजनाको लागत अधिक रुपमा वृद्धि हुन जाने हुँदा तोकेको समय भित्र आयोजना सम्पन्न गराउनेतर्फ सम्बन्धित निकायले ध्यान पुर्याउनु पर्दछ।

गोश्वारा भौचर मिति	योजनाको नाम	लागत अनुमान	यस बर्षको खर्च	यस बर्षको कार्य
२६५-२०८२।२।२६	मानेडाडाँ अधुरो सामुदायिक भवन निर्माण	३३३९०५	२७६५८६	भुई तला पि.सि.सि र गाह्रो लगाउने कार्य
५२८-२०८२।३।२५	अधुरो संग्रालय निर्माण उ.स	३३४६९०	२८२९२३	इट्टाको गाह्रो लगाउने र झ्याल ढोकाको मात्र कार्य

४१.४ **पाइप पुर्ने कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी निम्न योजनाहरुको नापि लुज सिट परीक्षण गर्दा निम्न योजनाहरुमा विभिन्न मूल्यको ३२६८ मीटर पाइप खरिद भएकोमा २१०० मिटर पाइप मात्र खन्ने पुर्ने कार्य भई रु.१,२०,६३५। मूल्य बराबरको ११६८ मिटर पाइपको पुर्ने कार्य भएको देखिएन। योजनामा प्रयोग भएका पाइपहरुको गुणस्तर कायम गर्न नर्म्समा व्यवस्था भए बमोजिम खन्ने र पुर्ने कार्य सम्पन्न गर्नुपर्दछ।

गो.भौ.नं. मिति	योजनाको नाम	पाइप प्रकार	खरिद मिटर	खन्ने पुर्ने कार्य	पुर्न बाँकी	औषत दर	रकम
४२५-२०८२।३।२४	खानेपानी पाइप खरिद एवम् छापको लाटोखोला ह्यूम पाइप बाटो मर्मत उ.स	एच.डि.पि पाइप	१८००	१०५०	७५०मि.(१५३ के.जी)	३४८।०४	५३२७३
४४१-२०८२।३।२४	खानेपानी संरचना मर्मत तथा पाइप खरिद उ.स	एच.डि.पि पाइप	१४६८	१०५०	४१८(१९३.५४ के.जी)	३४८।०४	६७३६२

४१.५ **म्याद थप-** कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौताको शर्तमा उपभोक्ता समितिबाट गरिने निर्माण कार्यहरुमा म्याद थप गर्ने सम्बन्धि प्रावधान समावेश गरेको छैन। कार्यालयले उपभोक्ता समितिहरुसँग भएका अधिकाँश योजनाहरुमा उपभोक्ता समितिले तोकेको म्याद भित्र कार्य सम्पन्न नगरेको कारण म्याद थप गरेको देखियो । उपभोक्ता समितिले म्याद थपको लागि पेश गरेको निवेदनमा समयमा कार्य सम्पन्न हुन नसक्नुको कारण उल्लेख गरेको देखिदैन। यसबाट उपभोक्ता समितिले योजनाको सम्झौता गरी सम्झौता अवधिसम्म कार्य नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले समयमै कार्य सम्पादन गर्नुपर्दछ । उपभोक्ता समितिसँगको सम्झौतामा म्याद थप गरेको सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

गोश्वारा भौचर र मिती	उपभोक्ताको नाम	लागत अनुमान	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	म्याद थप	भुक्तानी रकम
२९१-२०८२।२।२९	भण्डारे मोटरबाटो निर्माण उ.स	३३५२१०	२०८१।१०।४	२०८२।१।१५	२०८२।२।३०	१९९४४९
३०४-२०८२।२।३०	कुरडाडा स्याव ढलान उ.स	५५५६१५	२०८१।९।२२	२०८१।१२।३०	२०८२।२।१३	४७०३०८
३१३-२०८२।३।५	राजकुमार चौलागाईको घर हुदै लोप्चन टोल घिसिङटोल सडक स्याव ढलान उ.स	३३०१११	२०८१।११।१८	२०८२।१।३०	२०८२।३।५	२८६३९३
३१७-२०८२।३।६	भुमिचुली टोल विकास सडक निर्माण स्तरोन्नती उ.स	१६५०४५७	२०८१।१०।१५	२०८२।१।३०	२०८२।३।१५	१२१९१७५
३२३-२०८२।३।९	सन्दन डाडा ओखरडाडा हुदै मच्छे डाडा सडक निर्माण उ.स	५५५५३३	२०८१।९।२१	२०८१।१२।३०	२०८२।२।१५	४६३९८०
५६३-२०८२।३।२५	सामरी देखी नर्सरी केन्द्र जोड्ने सडक निर्माण उ.स	८८००३४	२०८१।१०।१५	२०८२।१।३०	२०८२।३।१५	७६७६४०

४१.६ **निर्माण व्यवसायीको प्रयोग**– सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीबाट काम गराई कार्यालयको लागत अनुमान बरावरनै निर्माण व्यवसायीको डोजर विल राखी भुक्तानी दिने गरेको देखियो ।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो। देहायका कार्यमा उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीले गरेको देखियो। लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट सिफारिश भएको अवस्थामा मात्र सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेमा उपभोक्ता समितिहरुले प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको देखिएन। श्रमदान नहुने यस प्रकारका निर्माण कार्यहरुमा उपभोक्ता समिति संलग्न गराई खर्च लेखेको नियमसम्मत नदेखिएको रु

गोश्वारा भौचर नम्बर	उपभोक्ता समितीको नाम	निर्माण व्यवसायीको नाम	उ.स सँगको सम्झौता रकम	निर्माण व्यवसायीसँगको सम्झौता रकम	निर्माण व्यवसायीको बिल रकम	भुक्तानी रकम
१८१-२०८२।१।९	श्री जिम्बर बाटो निर्माण उपभोक्ता समिति-७	आर आर माइनिंग एंड एक्युपमेन्टस् इन्जिनियरिङ प्रा.ली	७७०९५२	बकेट को प्रति घण्टा ५०५० र ब्रेकर रु.५८००।	६३६७१८	६५२१२३
२१०-२०८२।१।२२	वडा भरीको सडक मर्मत उपभोक्ता समिति वडा १	श्रीनिवास इन्फास्टक्चर प्रा.ली	९९१२०८	प्रति घण्टा ३०४५।७७	८७४६४४	८७०२०३
२२४-२०८२।२।१	नयाँ पुरानो सडक निर्माण कोशी भञ्याङ पानीघट्ट थोकरखोला भञ्याङ नाककट्टुवा सडक	अनिष कन्स्ट्रक्सन	७७०३८४	प्रति घण्टा ३४२८	६५८१५४	६५७३७४
२९१-२०८२।२।२९	भण्डारे मोटरबाटो उपभोक्ता समिति	ओम निर्माण सेवा	३३५२१०	प्रति घण्टा ३०४५।७७	१९६१७८	१९९४४९
३१९-२०८२।३।८	मकवानपुरगढी अदालत टोल विकास संस्था	भिजन कनस्ट्रक्सन	५५०४६५	२५००। प्रति घण्टा	५४७९८८	४८३३५७
५६९-२०८२।३।२५	इपाखहरे कालिडाडा हुदै कुरडाडा सडक निर्माण उ.स	क्रिवन कन्सल्टिङ एण्ड कन्स्ट्रक्सन सर्भिस प्रा.ली	८८९५००	प्रति घण्टा ३४४१।७२	६५३७६१	७६९२३१
जम्मा						३६३१७३७

अनियमित भएको	३६,३१,७३७

४१.७ (239-2082-02-04):
पालिका भवनमा थप कोठा निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले पालिकाो भवनको कोठा निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु.१६६५५२४। भुक्तानी दिएको छ। भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । निर्माण सम्पन्न भए पश्चात निर्मित संरचना उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने प्रावधानको विपरीत पालिकाको भवनको थप कोठा निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१६,६५,५२४

४१.८ **ढुङ्गेगठी छाप तल्लो छाप खानेपानी योजना** – कार्यालयले ढुङ्गेगठी छाप तल्लो छाप खानेपानी योजनामा रु.७,००,०००। विनियोजन गरी कन्टिन्जेन्सी बाहेक रु.६,७९,०००। र उपभोक्ता समितिको रु.७०,६२८।समेत रु.७,४९,६२८। लागत अनुमान तयार गरी मिति २०८०।१२।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१०।१५ मा सम्झौता भएको देखियो। प्राविधिकको लागत अनुमान र उपभोक्ता समितिसँगको सम्झौता अनुसार वडा नम्बर २ का ६१ घरधुरीलाई खानेपानी सुविधा उपलव्ध गराउन विभिन्न साइजका ६६३० मिटर पाइपको लागत अनुमान तयार गरेको देखियो। उपभोक्ता समितिले सम्झौता बमोजिम समयमा नै कार्य सम्पन्न गर्नुपर्नेमा सो कार्य नगरेको कारण मिति २०८०।१२।३० मा उपभोक्ता समितिले २०८१।३।१५ सम्मको लागि म्याद थपको लागि निर्णय गरी वडा कार्यालयमा पेश गरेको निवेदनको आधारमा कार्यालयको योजना शाखाले बढीमा २०८१।३।१५ सम्मको म्याद थप गर्नुपर्नेमा मिति २०८१।१२।३० सम्म म्याद थप गरेको देखियो। उपभोक्ता समितिले मिति २०८१।३।७ मा बासुदेव हार्डवेयर एण्ड सप्लायर्सबाट ६६३० मिटर अर्थात १८७६.७ के.जी पाइप र पम्प सेट १ समेत रु.६,६५,५४०। मा खरिद गरी गोश्वारा भौचर नम्बर ४८-२०८१।१०।६ बाट भुक्तानी

गरेको छ। कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरुमा समेत खरिद कार्य राखी लागत अनुमान तयार गरी खरिद गर्ने गरेको देखियो। प्राविधिक नापि अनुसार ६६३० मिटर पाइप मध्ये १३४० मिटर मात्र खन्ने पुर्ने कार्य सम्पन्न गरी रु.५३१०२७। मूल्य बराबरको ५२९० मिटर अर्थात् १४९७.४ के.जी पाइप खन्ने पुर्ने नभएको देखियो। कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरु र सो कार्यको लागि आवश्यक पर्ने खरिदको पहिचान गरी प्रतिस्पर्धात्मक खरिद विधिबाट सामाग्री खरिद गरेर निर्माण कार्यमा मात्र उपभोक्ता समितिलाई लगाउनुपर्नेमा उपभोक्ता समिति मार्फत सामाग्री खरिद गरी भुक्तानी गरेको उचित देखिएन। यस प्रकारको खरिदमा सुधार हुनुपर्दछ। उक्त योजनाको लागि पालिकाले आ.ब २०७८।७९ मा ४१,१८,०५७। खर्च गरेको विवरण पेश गरेको छ। योजनालाई दिगो र टिकाउ बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४२ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले योजनागत कन्टिन्जेन्सी खर्च सम्बन्धी विवरण तयार गरेको छैन । तोकिए बमोजिम खर्चको विवरण तयार गरेर सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ।

४३ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या ३५ वटा शिक्षक दरबन्दी २३० रहेकोमा शिक्षक पदपूर्ति पनि पूर्ण रहि विद्यार्थी संख्या ४४६३ रहेको उल्लेख गरेको छ। उक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १:१९ देखिन्छ। शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ।पालिका अन्तर्गत देहायका ३५ विद्यालयक शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ।

क.सं.	विद्यालयको नाम	शिक्षक संख्या			जम्मा शिक्षक दरबन्दी	जम्मा विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	करार	राहत			
१	श्री रानीसेरा मा.वि गढी १	१०	०	१	११	२९८	१:२७
२	श्री लेनडाँडा प्रा.वि गढी१	१		१	२	२५	१:१३
३	श्री शुभलाभ प्रा.वि गढी १	०	०	२	२	३६	१:१८
४	श्री आँपटार प्रा.वि गढी १	०	०	२	२	१८	१:९
५	श्री रत्नदेवी प्रा.वि गढी १	३	०	१	४	४५	१:११
६	हेमकर्ण नि.मा.वि गढी २	४	०	६	१०	१८५	१:१९
७	श्री चण्डिका मा.वि गढी २	१०	०	८	१८	४०७	१:२३
८	श्री कालिदेवी प्रा.विगढी २	२	०	२	४	९६	१:२४
९	श्री बंशगोपाल मा.वि गढी २	४	०	६	१०	२४७	१:२५
१०	श्री सरस्वती आ.वि गढी ३	१	०	१	२	१७	१:९
११	श्री भानु मा.वि गढी ३	१३	०	६	१९	४२५	१:२२
१२	श्री प्रतिभा प्रा.वि गढी ४	०	०	२	२	१९	१:१०
१३	श्री मनकामना प्रा.वि गढी ४	५	१	२	८	११२	१:१४
१४	श्री ज्वालादेवी आ.वि गढी ४	४	०	३	७	७८	१:११
१५	सरस्वती प्रा.वि गढी ५	४	०	०	४	५७	१:१४
१६	उज्ज्वल प्रा.वि गढी ५	०	०	२	२	१९	१:१०
१७	अमरसिह प्रा.वि गढी ५	२	०	०	२	१३	१:७
१८	ज्योति प्रा.वि गढी ५	१	०	१	२	१६	१:८
१९	श्री मन्जुश्री प्रा.वि गढी ५	०	०	२	२	१७	१:९
२०	श्री आधारभूत शिक्षा गढी ५	६	०	१	७	१३७	१:२०
२१	शारदा मा.वि गढी ५	१५	१	५	२१	४९५	१:२४
२२	बालज्योति प्रा.वि गढी ६	०	०	२	२	२६	१:१३
२३	कालिदेवि प्रा.वि गढी ६	०	१	२	३	३८	१:१३
२४	जालपादेवी मा.वि गढी ६	६	०	८	१४	३०९	१:२२
२५	जनक मा.वि गढी ६	८	१	३	१२	१९६	१:१६
२६	जनजागृति प्रा.वि गढी ७	०	०	२	२	१७	१:९
२७	गौरिशंकर प्रा.वि गढी ७	१	०	१	२	२६	१:१३
२८	जिम्मर प्रा.वि गढी ७	१	०	१	२	१८	१:९
२९	श्री गिताधर्म नि.मा.वि गढी ७	१	०	६	७	१४०	१:२०
३०	श्री बुद्धधर्म नि.मा.वि गढी ७	५	०	२	७	१५०	१:२१
३१	जनता मा.वि गढी ७	६	०	९	१५	३५८	१:२४
३२	श्रीषेश्वर प्रा.वि गढी ८	३	०	०	३	५२	१:१७

३३	बागेश्वरी प्रा.वि गढी ८	१	१	०	२	४६	१:२३
३४	बालजागृति प्रा.वि गढी ८	३	१	२	६	८२	१:१४
३५	रुपनारायण मा.वि गढी ८	८	०	४	१२	२४३	१:२०
जम्मा		१२८	६	९६	२३०	४४६३	१:१९

प्राप्त विवरण अनुसार पालिकाको शिक्षक विद्यार्थी अनुपात १:७ देखि १:२५ सम्म रहेको देखिन्छ ।समग्रमा शिक्षक बिद्यार्थी अनुपात १:१९ रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका विषयलाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभ्ने तथा शिक्षक दरबन्दी मिलान गरी सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्ने एवं पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

४४ एस.ई.ई परीक्षा नतिजा

शैक्षिक सत्र २०८१/८२ मा यसपालिका अन्तर्गतका सामुदायिका तथा निजी विद्यालयको एस.ई.ई परीक्षामा यस पालिकाबाट ९ माध्यमिक विद्यालयका जम्मा २०० विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको नाम	सहभागी संख्या	ग्रेडेड	नन् ग्रेडेड	ग्रेडेड %
१.	श्री रानीसेरा मावि	१३	४	९	३०.७७
२.	श्री मनकामना मावि	१७	३	१४	१७.६४
३.	श्री जालपादेवी मावि	१४	७	७	५०
४.	श्री जनता मावि सुकौरा	३२	६	२६	१८.७५
५.	श्री जनक मावि आमभञ्ज्याङ	९	२	७	२२.२२
६.	श्री रुपनारायण मावि बुढीचौर	२१	१२	९	५७.१४
७.	श्री चण्डिका मावि शिखरकटेरी	४५	१०	३५	२२.२२
८.	श्री भानु मावि मक्राञ्चुली	२४	१७	७	७०.८३
९.	श्री शारदा मावि	२५	२५	०	१००
कुल जम्मा		२००	८६	११४	४३

समग्रमा ४३ प्रतिशतमात्र ग्रेडेड रहेको देखिँदा सफलता दर कमजोर रहेकोमा यसमा सुधार गर्न पहलकदमी लिनुपर्दछ।

४५ तोकिएको भन्दा बढी बालविकास सहजकर्ता

कार्यान्वयन कार्यविधि २०८१/८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा विद्यार्थी संख्या र वालविकास सहजकर्ता अनुपात नमिलाई वाल विकास सहजकर्ता कार्यरतका आधारमा पारिश्रमिक संघ सशर्तबाट रु १००००।- र पालिकाबाट रु.७०००।- समेत रु.१७०००।- दरले वढी कार्यरत ११ जनाको रु.२५४१०००।- भूक्तानी भएकोले नियम सम्मत नदेखिएको रु.

क्र सं	विद्यालयको नाम	विद्यार्थी संख्या	आवश्यक बाल शिक्षक	नियुक्त बाल शिक्षक	वढी संख्या	रकम रु
१	श्री ज्वालादेवी आ.वि गढी ४	२२	१	२	१	२३१०००
२	बालजागृति प्रा.वि गढी ८	११	१	२	१	२३१०००
३	रुपनारायण मा.वि गढी ८	३३	२	३	१	२३१०००
४	जनता मा.वि गढी ७	६९	३	५	२	४६२०००
५	जालपादेवी मा.वि गढी ६	४९	२	३	१	२३१०००
६	शारदा मा.वि गढी ५	३९	२	३	१	२३१०००
७	श्री कालिदेवी प्रा.विगढी २	४३	२	३	१	२३१०००
८	श्री चण्डिका मा.वि गढी २	२२	१	२	१	२३१०००
९	श्री रत्नदेवी प्रा.वि गढी १	२२	१	२	१	२३१०००
१०	श्री रानीसेरा मा.वि गढी १	१४	१	२	१	२३१०००
जम्मा						२५४१०००

अनियमित भएको	२५,४१,०००

४६ **OJT निर्वाह भत्ता**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयनकार्यविधि,२०८१/८२ को क्रियाकलाप नं.२.७.१३.५० अन्तर्गतको उप क्रियाकलाप नं. २.६ मा प्राविधिक धार सञ्चालन अनुदान प्राप्त विद्यालयमा अध्ययनरत प्रति विद्यार्थी रु. १५०००।– का दरले हुन आउने एकमुष्ट अनुदान विद्यालयलाई दिने तथा त्यस्तो रकम शिक्षण सिकाई सामाग्री,ल्याव असिष्टेण्टका लागि पारिश्रमिक तथा उपकरण तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन र प्राविधिक धार अन्तर्गत विद्यार्थीले कक्षा १० पछि ३ महिना कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६-महिना गरी १२ महिनाको व्यवहारिक अभ्यास (OJT) गराउने र व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारको दरले रमक सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले श्री वंश गोपाल माध्यमिक विद्यालयलाई गो भौ नं २२२-२०८१/१२/२१ बाट यस वर्ष कक्षा ९-१२ मा प्राविधिक धारमा जम्मा ७१ जाना विद्यार्थी लाई रु. ९३०००० भुक्तानी गरेकोमा कार्यक्रम कार्यान्वियन कार्यविधिको मापदण्डबमोजिको खर्चको पुष्टाँई सहितको प्रगती विवरण पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,३०,०००

४७ **स्यानेटरी प्याड खरिद**

स्यानेटरी प्याड खरिद-कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। गाँउपालिकाले बजेटलाई नै आधार मानी लागत अनुमान तयार नगरी १६८०० प्याडको लागि कोटेशन माग गरी सफ्टी हाईजिन प्रा.लि (६०५९९०६५०) बाट (S.N .Miss teen 8/260) प्रति प्याड रू.५८.३०८ (मू.अ. कर समेत) मा खरिद गरी संघीय सशर्त चालुको भौ.नं.३६१-२०८२/०३/०८ बाट रू.९७९५७४ भुक्तानी दिएको छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं ६(४) अनुसार एक छात्रालाई एक महिनावारी चक्रमा बढिमा १६ वटा प्याड (२ प्याकेट) उपल्बध गराउने व्यवस्था छ। पालिकाको EMIS तथ्याङ्क अनुसार पालिकाभित्र सञ्चालित विद्यालयहरूको कक्षा ६-१२ सम्म जम्मा छात्रा संख्या १२०३ रहेको छ। प्राप्त स्यानिटरी प्याड स्पेशिफिकेशन अनुसार भएको सम्बन्धमा जाँच गर्नुपर्नेमा सो गरेको देखिएन। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ।

४८ **स्रोत शिक्षक**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।जस अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१, र तराई भेगमा ५०:१ रहने व्यवस्था छ। पालिकाले बर्षभरिमा ८ जना स्वयं सेवक शिक्षक तथा ५ जना अनुदान शिक्षक नियुक्ति गरी बर्ष भरिमा रु.२५१७६८१ खर्च गरेको छ। पालिकाले पेश गरेको शिक्षक विद्यार्थी अनुपात अनुसार सोहि पालका का शिक्षक तथा विद्यालयको समग्र अनुपात १:१९ रहेको देखिन्छ।आवश्यकतामा आधारित रहेरमात्र खर्च गर्नुपर्ने र यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४९ **बन्द शिविर सञ्चालन**

मकवानपुरगढी गाँउपालिकाको अतिरिक्त कक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को क्रियाकलाप नं ३.२.१ मा नियमित विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन नभएको समयमा बर्षिक परीक्षा लक्षित बन्द शिविर सञ्चालन गर्ने उल्लेख छ।पलिकाले यस वर्ष १० वटा माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई वर्षे बिदामा एउटै विद्यालयमा सम्पूर्ण विद्यार्थीको सहभागीतामा श्रावण २ गतेदेखी ३१ गते सम्म १ महिने शिविरमा बालबालिका, शिक्षक, विद्यालय नर्स, नगर प्रहरी र पालिकाको कर्मचारीलाई खान बस्न र व्यक्तिगत सरसफाईका लागि आवश्यकीय सामग्रीका साथै कक्षा सञ्चालनको लागि आवश्यकीय सम्पूर्ण सामाग्रीहरु पालिकाको खर्चवाट व्यवस्थापन गर्ने गरि रु.२३४८१३४। को लागत अनुमान तयार गरेको छ । विद्यार्थीलाई विशेष गरि अंग्रेजी, गणित र विज्ञान विषयको अध्यापन गराउन बालबालिकालाई व्यवहारिक शिक्षामा पनि जोड दिई बालबालिकालाई अतिरिक्त क्रियाकलाप गराई थप मनोरञ्जनात्मक कार्यक्रम साप्ताहिक रुपमा सञ्चालन गर्ने गरी कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रममा १ जना कार्यक्रम संयोजक ६ जना जना शिक्षक, (३ जना शिक्षक भानु मा.वि का विषय शिक्षक) १ जना विद्यालय नर्स, ४ जना नगर प्रहरी, ४ जना भान्से, १ जना कार्यालय सहयोगी १ जना छात्राहरुको संरक्षक (बेलुकाको लागि) गरि जम्मा २१ जनालाई सहभागी गराई कार्यक्रम सञ्चालन गरी सो कार्यक्रमको लागि रु.२२३०१२९ खर्च लेखेको छ। उक्त बन्द शिविरमा २४५ विद्यार्थी सहभागी भएकोमा २०० परीक्षार्थी परीक्षामा सहभागी भएकोमा ८६ जना मात्र उत्तीर्ण भएको देखिन्छ । जसअनुसार सफलतादर ४३ प्रतिशत मात्र रहेको छ । यस्ता कार्यक्रममा मितव्ययीता कायम गरी प्रतिफलमुखी बनाउनुपर्दछ।

५० **दिवा खाजा**

पालिकाले यस बर्प (कक्षा ६-८) सम्मका विद्यार्थीलाई दिवाखाजा वापत प्रतिविद्यार्थी रु. १५ का दरले (साउन –चैत) सम्मको दिवा खाजा उपलव्ध गराउदाँ निम्न विद्यालयलाई विद्यालय खुलेको समयावधि भन्दा बढी निकासा अनुदान दिएको देखिएकोले उक्त वढी निकासा वापतको रकम असुल गरि स्थानीय सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो भौ/ मिती	विद्यालयको नाम	विद्यालय खुलेको दिन	विद्यार्थी संख्या	दर	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
(न . पा चालु)							
६२११।१२,९०-०२।०७	सारदा मा वि	१६९	११९	१५	३०१६६५	३१७९१०	१६२४५
						असुल गर्नुपर्ने	१६,२४५

५१ **विद्यालय समायोजन अनुदान**

.

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **८००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **८००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५२ **विद्यालय छात्रावृत्ती**

मकवानपुरगढी गाँउपालिका अनुदान तथा आर्थिक सहायता निर्दिशिका, २०७४ बुदाँ नं ५ मा गाउपालिका क्षेत्रभित्रका सरकारी तथा नीजि विद्यालयमा अध्ययनरत गरीव तथा जेहेन्दार, आय नभएका बिपन्न परिवारका वालवच्चा, शारिरीक अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ती उपलव्ध गराउने व्यवस्था गरेको छ। पालिकले यस वर्ष ७ विद्यालयका कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीलाई सम्वन्धित विद्यालय रहेको वडा अध्ययक्षको तोक आदेशमा छात्रवृत्ती वितरण गरी रु. १४९२६४०। खर्च गरेको छ। स्रेस्ता संलग्न विवरणमा छात्रवृत्ति प्राप्त गर्न योग्य लक्षित वर्गको सूचक तर्जुमा एवं मूल्याङ्कन वेगर नै छात्रवृत्ति सिफारिस गरेको छ । निर्देशिकामा उल्लेख भए बमोजिम छात्रवृत्ती वितरण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

५३ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ्।

५४ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यो बर्ष पालिकाल (संघीय सशर्त चालु) को गोश्वरा भौचर नं.३६३-२०८२।०३।०९ मा मेडिसिल्स मेडिको फर्मा बाट रु.१२२७३५४ मा कोटेशनको माध्यम बाट खरिद गरी भुक्तानी दिएको छ। औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको देखिएन। साथै यो बर्ष पालिकाले जनस्वास्थ्य कार्यालय मकवानपुर बाट रु.२५२७१५।बराबरको औषधि प्राप्त गरेको विवरण पेश गरेको छ। औषधिको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए। नभएको एकीन गरी औषधि व्यवस्थापन गर्नुपर्दछ।

५५ **तेलहन वाली विकास कार्यक्रम** (३४५-2082-03-04):

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअलको परिच्छेद ४ मा पकेट क्षेत्र निर्माणका लागि अनुसुची ८ बमोजिमको मापदण्डको आधारमा मुल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदन बमोजिम स्थानीय तहले वाली वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी पकेट विकास कार्यक्रम संचालन गर्न स्वीकृत दिने व्यवस्था गरेको छ।पालिकाले यस बर्ष वडा नं २,३,६ मा पकेट विकास कार्यक्रमको लागि नमुना तेलहन वाली पकेट समन्वय समितीमा आवद्ध ३ कृषि सहकारी १ कृषि फर्म १ कृषक समुहलाई अनुदान वितरण गरेको छ।

कृषि समुह / सहकारी	व्यहोरा	कार्य सम्पन रकम	पालिकाले व्यहोर्ने रकम	लाभग्राहिले व्यहोर्ने रकम	लागत सहभागीता
कुर्ले कृषि सहारी संस्था वडा नं - २	कुलो निर्माण	३१२४२१.९०	२४९९३७.५२	६२४४८.३८	८०,००%
	पानी तान्ने मटर वितरण	७३१३३.६०	३६५६६.८०	३६५६६.८०	५०,००%
दलित विपन्न वहुउदेश्य सहकारी संस्था वडा नं- २	मिनी टीलर वितरण	४९८०००	२४९०००	२४९०००	५०,००%
पौवा डाँडा कृषक समुह वडा नं - २	पाईप वितरण	९३१५७.२०	७४५२५.७६	१८६३१.४४	८०,००%
	मिनी टिलर/ स्पेयर टंकि	२१००००	१०५०००	१०५०००	५०,००%
धमिले कृषि सहकारी संस्था वडा नं ३	मिनी टिलर/ स्पेयर टंकि / सिचाई प्लाष्टिक	७७५१८८.८४	३८७५९४.४२	३८७५९४.४२	५०,००%
कञ्चन कृषि तथा पशुपंक्षी फर्म वडा नं ६	सिचाई पाईप वितरण	४८५४१.४१	३८८३३.१३	९७०८.२०	८०,००%
जम्मा		२०१०४४२.९५	११४१४५७.६३	८६८९४९.२४	

उक्त पकेट क्षेत्र तथा प्रवर्द्धन कार्यको अनुगमन गरी खर्च भएको रकमको उद्देश्य मुताविक कार्य सम्पादन भए/नभएको यकिन गरी अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्दछ।

५६ विउ वितरण कार्यक्रम

मकवानपुरगढी गाँउपालिका आन्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी एकीकृत कार्यविधी २०८१ को वुदां नं २४ (६) मा उन्नत तथा मुल विउ वितरणमा कृषकलाई उपलव्ध गराईने विभिन्न विउको खरिदमा अनुदान उपलव्ध गराउने उल्लेख छ। पालिकाले यस वर्ष आलु तथा मकै विउमा अनुदान वितरण गरेको छ।

गो भौ/ मिति	फर्मको नाम	जात	परिणाम	कुल लागत	पालिका व्यहोर्ने रकम	किसान को सहभागिता	लागत प्रतिशत
७५- ०२।२९	चापगाई भेट फर्म	आलु	५०००	१८००००	१४४०००	३६०००	८०,००%
७३- २।२७	विमल एग्रो फर्म	मकै	२३६०	२५९६००	१२९८००	१२९८००	५०,००%
जम्मा				४३९६००	२७३८००	१६५८००	

कृषिमा आवद्ध कृषक लाई विभिन्न सामाग्री वितरण गरेकोमा कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । कृषि अनुदान कार्यक्रममा सबै कृषकको सामान पहुँचका लागि एवं पटक पटक एकै फर्म तथा व्यक्तिलाई अनुदान दोहोरो नपर्ने गरी लाभान्वित किसानहरुको नामनामेसी सहित तिनिहरुलाई प्रदान गरिएका कृषि वस्तु तथा सामाग्रीको अभिलेखिकरण गर्नुपर्दछ।

५७ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले अनुदान सम्बन्धी नीति तर्जुमा गरे वेगर नै देहायअनुसार विभिन्न व्यक्ति तथा समूहलाई अनुदानमा खर्च लेखेको छ।

गो भौ नं र मिति	विवरण	रकम
१४०४।२०८२।३।२५	एक घर दुइ फलफुल १२०० बोट लिची, ६६० एभोकाडो , नरिवल ५० बोट , सुपारी ५० , १० टोल बिकास संस्था	२८९१२५
१३।२०८२।३।२०	१२ उन्नत जातका गाइ प्रदेशतर्फ ५० प्रतिशत साझेदारी	४९९५६०
१५।२०८२।३।२०	१० उन्नत जातका गाइ प्रदेशतर्फ ५० प्रतिशत साझेदारी	५०००००
१४०४।२०८२।३।२५	एक घर दुइ फलफुल १२०० बोट लिची, ६६० एभोकाडो , नरिवल ५० बोट , सुपारी ५० , १० टोल बिकास संस्था	२८९१२५
१३८५।२०८०।३।२५	कृषि तथा पशुपालन कार्यक्रम उ स वडा नं १ प्लाष्टिक टनेल वितरण	९५२५५४

पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानको रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

५८ मौरी प्रवर्द्धन कार्यक्रम

मकवानपुरगढी गाँउपालिका आन्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी एकीकृत कार्यविधी २०८१ को वुदां नं २२ (६) मा न्यून आय भएका कृषक वर्गलाई मौरीपालनमा आकर्षण गरी गुणस्तरयुक्त मह तथा मौरिजन्य उत्पादनको प्रवर्द्धन गर्ने उल्लेख छ। पालिकाले यस वर्ष खाली घार ३५ परिणाम खरिद गरी ७० प्रतिशत अनुदान तथा मौरि सहितको २२ परिमाणको घार को लागि ६० प्रतिशत लागत सहभागिता रहने ९ जाना लाभग्राही छनोट गरी जम्मा रु. ५२११०० को कार्य सम्पन्न गरी कार्यालय बाट रु.३११३५० तथा लाभग्राही वाट रु.२०९७५० लागत सहभागिता रहेको देखिन्छ।कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन।पालिकाले उक्त कार्यक्रमको अनुगमान गरी प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन । कार्यक्रमको उपलब्धिको समिक्षा गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

५९ दुध उत्पादन प्रोत्साहन

स्थानीयतहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यविधि,२०८१ मा दुध उत्पादनमा आधारित प्रोत्साहनको व्यवस्था छ।यो बर्ष देहाय अनुसार १६ सहकारी संस्थालाई प्रति लिटर रु १.४५ का दरले दुध लिटर ५७५४३०४ सहकारी संस्थालाई रु ८३४३७३२। भुक्तानी गरेको छ ।उक्त सहकारी मार्फत विभिन्न कृषकहरुलाई वितरण गरेको देखिन्छ।यस्ता कार्यक्रमको प्रभावकारिता सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

६० लागत सहभागिता

आन्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी एकीकृत कार्यविधि,२०८१ को बुँदा ५ मा अनुदान रकमको सिमा र प्रतिशत स्थानीय सरकारबाट स्वीकृत आन्तरिक कृषि विकास कार्यक्रम अन्तर्गत उपलब्ध गराईने अनुदानको सीमा यस कार्यविधि अनुसार तोके बमोजिम हुने र यसरी कार्यक्रमको प्रकृति अनुसार न्यूनतम ५० प्रतिशत र अधिकतम ९० प्रतिशतमा नबढने गरि अनुदान रकम उपलब्ध हुने उल्लेख छ । तर पालिकाले देहाय अनुसारको विभिन्न कृषकलाई लागत सहभागिता वेगर नै प्लाष्टिक टनेल खरिद गरी वितरण गरेको छ ।कार्यविधिको पालना वेगर कृषि समाग्री खरीद गरी वितरण गरेको नियमसम्मत नदेखिएको रु.

गो भौ नं र मिति	विवरण	रकम
४०१।२०८१।१०।०६	१५ थान टनेल प्लाष्टिक खरिद बापत दाजुभाई सेल्स एण्ड सप्लायर्सलाई भुक्तानी	९४१००
४०३।२०८१।१०।०६	३०७५ वर्गमिटर टनेल प्लाष्टिक खरिद बापत दाजुभाई सेल्स एण्ड सप्लायर्सलाई भुक्तानी	४०००००
जम्मा		४९४१००

अनियमित भएको	४,९४,१००

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वटा वडामा ८ वटा योजना सञ्चालन गरी यस वर्ष ६४ जनालाई औषत ९८ दिनले ६२७२ दिन रोजगारी उपलब्ध गराई रु.३०००४४८।- श्रमिक ज्याला खर्च गरेको छ।पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

६२ **सामाजिक सुरक्षा तथा संरक्षण**

६२.१ सामाजिक सुरक्षा वितरण कार्यविधी, २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ। पालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.९ करोड ८१ लाख १६ हजार बजेट विनियोजन भएकोमा रु.९ करोड ७९ लाख ९४ हजार खर्च भएको रु.२ लाख ६६ हजार फिर्ता भएको देखिन्छ। पालिकाले सफ्टवेयरवाट लाभग्राहीहरुको वडाकार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन, लगत अद्यावधिक कार्य व्यवस्थित गर्दै बैङ्कले वितरण नगरी बाँकी रहेको तथा लगत कट्टा गरी फिर्ता गर्नुपर्ने देखिएको रकमका सम्बन्धमा यकिन गरी फिर्ता गर्नुपर्दछ।

६२.२ **लगत कट्टा पश्चात्को मौज्दात**

सामाजिक सुरक्षा वितरण कार्यवीधी २०७७ को बुदाँ नं १८ मा स्थानीय तहले भत्ता बापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने तथा आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानून बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैङ्कसँगको हिसाब मिलान गरी बाँकी संघिय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले निम्न लाभग्राहीको लगत कट्टा गरी वाँकी रहेको रकम फिर्ता देखिएन।उक्त फिर्ता गर्नुपर्ने रकम बैकबाट फिर्ता गरी सङ्घीय सञ्चितकोष दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

क्रस	नाम	व्यक्तिगत आईडी	फिर्ता हुन बाँकी रकम
१	हिरा माया भुलुन	२००६०९२२०११९८	७३९२५
२	डेम्मा दोर्जे लामा	२००८०३०२०४०४५	२४६५२
३	मनु माया स्याङतान	२०२००८१५०२६०७	३८६१
४	बिर वहादुर पाख्रिन	२००७१२२००१५९३	१२३५०
५	कुल कुमारी घिमिरे	२००७११०७०४६४३	३६७४४
६	नर वहादुर थिङ	२००१०११००७३५४	१२३५३
७	राम वहादुर थिङ	१९९६०६१७००५७९	१२३४८
८	दिल कुमारी घिमिरे	२००२०७२३००२३३	३६७९५
९	हिरा नाथ न्यौपाने	१९८७०२१००१३३१	३६४८३
१०	अमृत वहादुर श्रेष्ठ	१९८४११२६०००९७	१२४३०
११	विर वहादुर मुक्तान	२००१०११५१३२९४	७३७७२
१२	शेर बहादुर मुक्तान	१९९१०३२५००४२२	१२२६५
१३	मान बहादुर घलान	१९९६१२०४००६१७	१२११७
१४	ठुली माया योन्जन	१९९३०७२५००५०२	१२३९४
१५	भुम कुमारी घिमिरे	२००६०९०२००७०५	१२३७४
	जम्मा		३८४८६३

असुल गर्नुपर्ने	३,८४,८६३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मकवानपुरगढी गाउँपालिका, मकवानपुर , मकवानपुरगढी गाउँपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नविन गङ्तान लामा	२०८१-२-१	२०८१-७-१०
कार्यालय प्रमुख	सुधन लामिछाने	२०८१-७-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	रामकृष्ण श्रेष्ठ	२०७५-१२-४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,०१९,८६६	८,३३२,३६१	३,१३०,०००	०	०	३००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,७८२,२२७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,२१७,८००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,५६४,४२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५६०६६५३६.०७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३३१८५१७५.८	चालु खर्च	३५००११६०६.८२
प्रदेश सरकारबाट अनुदान	५५९०३०००	पूँजीगत खर्च	१४२६४६८७८.१८
राजश्व बाँडफाँट	१३७२९०७०९.५४	वित्तीय/अन्य व्यवस्था	१४३५९३०७०.११
आन्तरिक आय	१३०७१२००.३३		
अन्य आय	१११७५१२३५.६३		
कुल आय	६५१२०१३२१.३०	कुल खर्च	६३६२५१५५५.११
बाँकी मौज्दात		७१०१६३०२.२६	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		११,१९,४६,२०८.३३	०.००	११,१९,४६,२०८.३३	१०,५३,८३,३०४.९२	०.००	१०,५३,८३,३०४.९२
१३०००	अनुदान		३६,२१,९३,४४४.९९	०.००	३६,२१,९३,४४४.९९	३९,३७,३२,४८२.३४	०.००	३९,३७,३२,४८२.३४
१४०००	अन्य राजस्व		३,८४,१५,७०१.५४	०.००	३,८४,१५,७०१.५४	२,६५,९७,४९६.७६	०.००	२,६५,९७,४९६.७६
१५०००	विविध प्राप्ति		२,५३,९३५.००	०.००	२,५३,९३५.००	४१,८०,३७६.००	०.००	४१,८०,३७६.००
क	**कुल जम्मा प्राप्ति**		५१,२८,०९,२८९.८६		५१,२८,०९,२८९.८६	५२,९८,९३,६६०.०२		५२,९८,९३,६६०.०२
३	चालु		३५,००,११,६०६.८२	०.००	३५,००,११,६०६.८२	३२,५२,१७,१८८.९४	०.००	३२,५२,१७,१८८.९४
२१०००	पारिश्रमिक / सुविधा		१७,९४,३२,९७८.९६	०.००	१७,९४,३२,९७८.९६	१७,४१,४७,९६५.८४	०.००	१७,४१,४७,९६५.८४
२२०००	मालसामान तथा सेवाको उपयोग		१६,२८,७२,१४३.८६	०.००	१६,२८,७२,१४३.८६	१४,६७,३५,३५२.१०	०.००	१४,६७,३५,३५२.१०
२५०००	सहायता (Subsidy)		२३,२२,०००.००	०.००	२३,२२,०००.००	०.००	०.००	०.००
२७०००	सामाजिक सुरक्षा		४७,१९,३९४.००	०.००	४७,१९,३९४.००	३९,२६,४२१.००	०.००	३९,२६,४२१.००
२८०००	अन्य खर्च		६,६५,०९०.००	०.००	६,६५,०९०.००	४,०७,४५०.००	०.००	४,०७,४५०.००
४	पूंजीगत		१४,२६,४६,८७८.१८	०.००	१४,२६,४६,८७८.१८	२४,३६,१६,६३३.६४	०.००	२४,३६,१६,६३३.६४
३१११०	भवन तथा संरचना		१,९७,९८,०६०.५९	०.००	१,९७,९८,०६०.५९	४,५१,५१,८४९.००	०.००	४,५१,५१,८४९.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५८,७३,८३९.००	०.००	५८,७३,८३९.००	२६,९९,६३५.००	०.००	२६,९९,६३५.००
३११३०	अन्य पूँजीगत खर्च		९,९९,६००.००	०.००	९,९९,६००.००	५,००,०००.००	०.००	५,००,०००.००
३११५०	सार्वजनिक निर्माण		११,४७,३८,६१८.५९	०.००	११,४७,३८,६१८.५९	१९,४३,११,३२०.६४	०.००	१९,४३,११,३२०.६४
३११६०	निर्मितसरचनाकोसुधार खर्च		१२,३६,७६०.००	०.००	१२,३६,७६०.००	८,५३,८२९.००	०.००	८,५३,८२९.००
३१२२०	मौज्दात सामानहरु		०.००	०.००	०.००	१,००,०००.००	०.००	१,००,०००.००

ख)	**कुल जम्मा भुक्तानी**		४९,२६,५८,४८५.००		४९,२६,५८,४८५.००	५६,८८,३३,८२२.५८		५६,८८,३३,८२२.५८
ग)	**बचत / कमी (ग = क-ख)**		२,०१,५०,८०४.८६		२,०१,५०,८०४.८६	(३,८९,४०,१६२.५६)		(३,८९,४०,१६२.५६)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		(५२,०१,०३८.६७)		(५२,०१,०३८.६७)	४४,१६,३८४.७८		४४,१६,३८४.७८
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**					(६५१.००)		(६५१.००)
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**		१,४९,४९,७६६.१९		१,४९,४९,७६६.१९	(३,४५,२३,७७७.७८)		(३,४५,२३,७७७.७८)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		५,६०,६६,५३६.०७		५,६०,६६,५३६.०७	९,०५,८९,६६२.८५		९,०५,८९,६६२.८५
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		७,१०,१६,३०२.२६		७,१०,१६,३०२.२६	५,६०,६५,८८५.०७		५,६०,६५,८८५.०७

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।